# कर्मचारी उपचार सहुलियत कार्ड दर्ता

# सम्बन्धी सुचना

★ निजामती कर्मचारी उपचार सहुलियत कार्ड यस अस्पतालको हेल्प डेक्स (सोधपुछ कक्ष) बाट रु.१० तिरी प्राप्त गर्न सकिनेछ ।

★ निजामती कर्मचारी उपचार सहुलियत कार्डको सबै फोटोमा कार्यालय प्रमुखले अनिवार्य प्रमाणीत गरेको हुनु पर्नेछ ।

★ निजामती कर्मचारी उपचार सहुलियत कार्डमा सहुलियत पाउने सदस्यहरुको विवरण र फोटो शुरु कार्ड दर्ता गर्न ल्याउदा एकै चोटी राख्नु पर्नेछ ।

★ दर्ता भइ सकेको कार्डमा नयाँ जन्म भएको तथा बिबाह भएका कारण थप सदस्यहरुको फोटो थप्नु परेमा :

- आफ्नो प्रति सहुलियत कार्ड,
- थप गर्ने सदस्यको अटो साइजको दुई प्रति फोटो
- विवाह दर्ता प्रमाणपत्र साथै एक प्रति फोटोकपि
- सक्कल जन्म दर्ता प्रमाणपत्र साथै एक प्रति फोटोकपि
- बाबु आमाको हकमा स्थानिय निकाय बाट दिने फोटो सहितको नाता प्रमाणीत १ प्रति फोटोकपि लिई सम्बन्धित कर्मचारी आफै आउनु पर्नेछ ।

★ अबकास प्राप्त कर्मचारीको कार्ड यसै कार्यालय बाट नै प्रमाणीत गरीने हुँदा अनिवार्य निवृत्तभरण पट्टा ल्याउनु पर्नेछ र बाबु, आमा र २१ बर्ष मुनिका छोराछोरीको विवरण समेत उल्लेख गर्नुपर्ने भएमा नाता खुल्ने प्रमाणपत्र सक्कल प्रति र फोटोकपि १ प्रति लिई आउनु पर्ने छ ।

★ निजामती कर्मचारी उपचार सहुलियत कार्ड दर्ता कर्मचारी संकेत नम्बर PIS बाट भिडान गरीने हुँदा प्राविधिक समस्या वा विद्युत आपुर्ति बन्द भएको अबस्थामा कार्ड दर्ता सम्बन्धी कार्य बन्द हुन जाने असुविधा प्रति अस्पताल प्रशासन क्षमाप्रार्थी छ ।

★ कार्ड दर्ता गरी सकेपछी कार्ड दर्ता नं. सुरक्षित राख्नु होला । कार्ड हराएमा वा नासिएमा प्रतिलिपि बनाउन कार्ड दर्ता नं. आबस्यक पर्नेछ । प्रतिलिपि बनाउन रु. १००/- प्रतिलिपि दस्तुर लाग्नेछ ।

★ यस अस्पताल बाट उपलब्ध गराइने सेवाहरु मध्ये **औषधी, एम्बुलेन्स, ओ. पि. डी.**, टिकट बाहेकका सेवामा राजपत्र अनंकित, सेवा निवृत्त कर्मचारीहरुलाई ५०% र राजपत्राकिंत कर्मचारीहरुलाई ४०% शुल्क छुटको ब्यबस्था रहेको छ ।छोराछोरीलाई २१ बर्ष उमेर सम्म मात्र सहुलियत पाईनेछ ।

★ महिला कर्मचारीको हकमा मात्र सासु ससुरा वा बाबु आमा मध्ये एक लाई मात्र सहुलियतको ब्यबस्था रहेको छ ।

★ निजामती कर्मचारीले राजपत्र अनंकित बाट राजपत्राकिंत हुँदा र अबकाश पछि ३५ दिन भित्र आफ्नो कार्ड अनिवार्य रुपमा अध्यावधिक गराउनु पर्ने छ । अन्यथा त्यस्ता कार्डफेला पर्न गएको खण्डमा सेवाबाट बञ्चित गराउन सकिने छ ।

★ कार्ड कार्यालय प्रमुखले प्रमाणित गरेको ३ महिना भित्र दर्ता गराइसक्नु पर्नेछ ।

**कार्ड दर्ता समय : बिहान ०९:१५ देखी दिउसो ०४:०० बजे सम्म**

**खाजा समय : दिउसो ०१:०० देखि ०२:०० बजे सम्म**

उपचार गर्न आउँदा हरेक पटक सहुलियत कार्ड अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

कर्मचारी सहुलियत कार्ड सुरक्षित राख्नुहोला ।

## अस्पताल प्रशासन